नवौं नगर सभामा प्रस्तुत

## आर्थिक वर्ष २०७८/०७९ को

# वजेट तथा कार्यक्रम

फलेवास नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

२०७८/०३/०९

**सभाध्यक्ष महोदय,**

१ फलेवास नगरपालिकाको गरिमामय नवौं नगर सभामा नगर कार्यपालिकाको आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रम प्रस्तुत गरिरहँदा अत्यन्त गौरवान्वित भएको छु ।

२ राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समानता, सम्वृद्धि, संघीय शासन प्रणाली स्थापित गर्न र विभिन्न राजनीतिक परिवर्तनका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञातअज्ञात विर सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।

३ यस महत्वपूर्ण अवसरमा, देशमा भएका विभिन्न आन्दोलनमा निरन्तर लागिरहने योद्धाहरुप्रति सम्मानका साथै मुलुकको राजनीतिक, आर्थिक एवम् सामाजिक सबलिकरणका लागि नेतृत्वदायी भूमिका खेल्नु हुने राजनैतिक शिखर व्यक्तित्व, अग्रज नेताहरु प्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

४ नेपाली जनताले दशकौंको संघर्ष र वलिदान पछि संघीय लोकतात्रीक गणतन्त्र नेपालको स्थापना भई नेपाली जनताले आफैले चुनेका प्रतिनिधिहरुवाट संविधान निर्माण गरी आँफुले चाहेको शासन र विकासमा सहभागी हुने अवसर मिलेको छ ।

५ स्थानीय सरकार नागरिकको नजिकको सरकार हो जहाँ नागरिकले देख्न सक्ने, छुन सक्ने, अनुभव गर्न सक्ने, सजिलै भेट्न सक्ने पहुँचमा रहेको स्थानीय सरकार भएको हुँदा विकासमा नागरिकको सार्थक र जीवन्त सहभागिताको सुनिश्चितता गर्न सकिएको छ ।

६ विश्वमा महामारीको रुपमा आएको कोरोना भाइरसले गत वर्ष देखि नै नेपाल र नेपालीको तिव्र विकासको चाहनामा तुसरापात गरेको छ । कोभिडको महामारीमा गत वर्ष ४ महिना र यस वर्ष समेत अन्तिम

चौमासिकमा विकास अभियानमा अवरुद्ध हुन पुग्यो । कोरोना भाइरसको महामारी फलेवासमा समेत व्यापक रुपमा फैलिई नगरवासीको स्वास्थ्यमा आएको महासङ्कटले गर्दा उत्पादन, रोजगारी, व्यापार व्यवसाय ठप्प हुन गएको हुँदा राजश्व असुलीमा गम्भिर असर परेको छ ।

७ तीन तहका सरकारवाट नागरिकहरु शासित छन । संघीय संरचना संगै राजश्वका क्षेत्र र श्रोतहरु वर्गिकरण गरी अधिकार वाडफाँड भएको छ । स्थानीय सरकारका बजेटका श्रोतहरु मुलत संघीय सरकारवाट प्राप्त समानिकरण अनुदान तथा राजश्व वाँडफाँडवाट प्राप्त रकम, सशर्त रकम, समपुरक तथा विशेष अनुदान रकम र प्रादेशिक सरकारवाट प्राप्त यस्तै प्रकृतिको रकम हाम्रो स्थानीय संचित कोषको प्रमुख आधार हो ।

## सभा सदस्यहरु :

८ आफ्नै स्रोतको राजश्व र गैरकर राजश्वको हिस्सा हाम्रो बजेटमा न्यून रहेको छ । स्थानीय राजश्व प्राप्ति र परिचालनको हिस्सा कम रहेको र सर्शत अनुदानको हिस्सा वढी भएको अवस्थामा स्थानीय विशिष्ट समस्याहरु समाधान गर्न कठिन रहेको परिपेक्षमा सवै क्षेत्रमा समुचित एंव समन्यायीक हिसावले सम्वोधन गर्न सकिएको अवगत गराउदछु । तथापि नगरको संचित कोषलाई स्थानीय आवश्यकता र प्राथमिकतामा आधारित भई प्रयोग भएकोले हामीले सोचे अनुसारको उपलब्धीहरु हाँसिल भएका छन् ।

९ फलेवासलाई एक साझा भुगोलको रुपमा लिई नागरिकहरुलाई भएका कठिनाई, परेका समस्यालाई केन्द्रमा राखि सवै घर, वस्ती, टोल र वार्डलाई एकतावद्ध गरी समग्र फलेवासको विकास गर्ने सोचले वजेटको कार्यान्वयन गर्ने गरिएको हुंदा असमानता कम हुँदै गएको छ । आधारभूत तहका नागरिकहरुमा विकासका कार्यक्रम पुग्न सकेका छन । सेवाप्रवाह छिटो र

सहज भएका छन, आयआर्जन, उद्यम विकास, स्वरोजगार र रोजगारीका अवसरहरु वृद्धि भई नागरिकको दैनिक जीवनयापनमा सहयोग पुगेको छ ।

१० दीगो विकास लक्ष्य, नेपालको पन्ध्रौ पञ्चवर्षीय योजना, नगरको गुरुयोजनाले तय गरेका सोच र उपलव्धी हांसिल गर्ने तर्फ नगरका क्रियाकलापहरु अगाडि वढेका छन् ।

११ नगरपालिकाको सवै वर्ग क्षेत्र र समुदायलाई समेटी विकासका प्राथमिकता निर्धारण गरिएको हुँदा समावेशी विकास, समन्यायीक विकासको प्रतिफल सवै नागरिकहरुले उपयोग गर्ने अवसर मिलेको छ ।

१२ राज्यले लक्षित गरेका, फलेवासको भूगोलमा अवस्थित समुदाय जेष्ठनागरिक, बालवालिका, महिला, अपाङ्गता भएका व्यक्ति र अल्पसंख्यक समुदायको आत्मसम्मान, आर्थिक विकास, सीप विकासको क्षेत्रमा सहयोग पुगेको छ ।

१३ फलेवास नगरपालिकामा हामी जनतावाट निर्वाचित भएर आएको ४ वर्ष पूरा भएको छ । हामी सवैलाई अवगत नै छ कि निर्वाचित भएर स्थानीय सरकार सञ्चालन गर्न आउदैंगर्दा नगरको भौतिक पूर्वाधारको अवस्था, ६ महिना हिँउदमा चल्ने सडक यातायात, जोखिमयुक्त विद्युतीकरण, खानेपानीको अवस्था, सिँचाई, विद्यालयको भौतिक तथा संस्थागत अवस्था, स्वास्थ्य चौकीहरुको व्यवस्थापन र भवनको अवस्था, कृषि तथा पशुपालन, कार्यालयको भौतिक तथा संस्थागत विकास लगायत अन्य क्षेत्रको यथार्थ अवस्थाको स्मरण गरौं, हामी आएको ४ वर्षको अवधीमा हरेक क्षेत्रमा आएको परिवर्तनलाई समिक्षा गरौं तव मात्र हामीमा खुसी र थप काम गर्ने हौशला मिल्ने छ र नगरवासीहरुको विचमा वहस, समिक्षा र सामाजिक अभियानमा लागि रहने जाँगर आउने छ ।

१४ फलेवास नगर सभाले स्विकृत गरेका र नगर कार्यपालिकाले पहिलो वर्षवाट अगाडि सारिएका दिर्घकालिन सोच र योजनाहरु क्रमस कार्यान्वयन हुँदै

गएका छन । कालिगण्डकी वहुउद्देश्यीय परियोजनाको अध्ययन एंव डि.पि.आर.को काम भईरहेको छ, शून्य कालोपत्रे रहेको फलेवास नगरपालिकामा मल्याङ्दी खोला मुडिकुवा, राहाले ढिक, चन्दनी मोटरवाटो कालोपत्रे हुंदैछ, नौडाँडा कार्किनेटा देविस्थान जैमुनि गल्कोट सुर्खेत जोड्ने सडकको हिलेखोला काकिनेटा सडक कालोपत्रे सम्पन्न भएको छ । मुडिकुवा लमाय कुर्घा लुंखु सडक कालोपत्रेको काम अगाडी वढेको छ । माझ्गािउँ चौउरमा रङ्गशाला एंव खेल पूर्वाधारको काम भईरहेको छ । कालीगण्डकी लोकमार्ग हामै नगरको समथल भूभागवाट निर्माणाधिन छ जहाँ वाच्छा खोला देखि देविस्थान ढिक सम्मको सडक कालोपत्रेका लागि शिलान्यास भएको छ । कालीगण्डकी, मोदीवेनी, लमायखोला, खाल्टेखोला, चिर्दिखोलामा मोटरेवल पुल निर्माण भईरहेका छन । नगर कार्यपालिकाको कार्यालयको नाममा ६० रोपनी ८ आना नि : शुल्क जग्गा प्राप्त भएको छ । फलेवासलाई छुनेगरी ६ वटा अग्ला पूल निर्माण सम्पन्न भएका छन अन्य स्थानमा पूल निर्माण भईरहेका छन । पर्यटनको हवको रुपमा रहेको डहरे र मनमोहन शान्तिवाटिका निर्माणको चरणमा रहेको छ । एक घर एक धारा खानेपानी योजनाका काम सवै वडामा तिव्रगतिमा भई रहेका छन ।

१५ पहिलो नगर सभाले अगाडी सारेको सेन्टर चक्रपथमा कालोपत्र भई रहेको छ भने अन्य १३ कि.मि. कालो सुरु भएको छ । भित्र चक्रपथ ट्र्याक खोली स्तरवृद्धि भईरहेको छ । वाहिरी चक्रपथ नुवार देखि तातोपानीसम्म करिव २ कि.मि. मात्र ट्याक ओपन गर्न वाँकी रहेको छ अन्य सवै क्षेत्रमा सडक विस्तार भएको छ । मुख्य -मुख्य लिंकरोडहरु ट्याक खोल्ने काम पुरा भएको छ । नगर क्षेत्रमा ३१२.५३ कि.मि. मोटर वाटो बिस्तार भएको छ ।

१६ फलेवास नगरमा नगरवासीहरुलाई जोखिम र समस्याको रुपमा रहेको काठेपोल मार्फत विद्युतीकरण फलामे तथा स्टिल पोलमा रुपान्तरण गरिएको

छ । ३४१७ मिटर सिंचाई कुलो आरसीसी, ११३४ मिटर पाईपद्धारा ८३ हेक्टर जमिनमा सिंचाई सुविधा पुगेको छ । ६२४१ मिटर मुल पाईप लाइन र ४३३७ मिटर शाखा लाईन विस्तार गरी १९५२ घरपरिवारलाई खानेपानी सुविधा विस्तार भएको छ । १३५६ मिटर पदमार्ग तथा गोरेटो बाटो निर्माण, नगर, वडा तथा टोल स्तरीय ९ वटा खेलकुद मैदान निर्माण, १३ वटा सामुदायिक भवन, ३ वटा जेष्ठ नागरिक दिवासेवा केन्द्र भवन, ४ वटा वाह्य खोपकेन्द, ११ वटा सांस्कृतिक पूर्वाधार, १७ वटा चौतारी पोखरी, झोलुङ्गे पूल ६ वटा, नमुना विद्यालय २ वटाको भौतिक निर्माण भईरहेको छ । अन्य विद्यालयमा २७ वटा अन्य पूर्वाधार निर्माण भएका छन ।

१७ नगर क्षेत्रमा आर्थिक विकास तर्फ ४ वटा महिला उद्योग, ३ वटा घरेलु औजार उद्योग, ४ वटा एक वार्ड एक पशु फार्म, ५ वटा एक वार्ड एक कृषि फार्म, ३०० रोपनीमा वृहत कृषि फार्म सञ्चालन भएको छ । विरुवा हाम्रो फल तपाईको अभियानमा १ लाख ६६ हजार विरुवा रोपण भएको छ । टनेल हाम्रो उत्पादन तपाईको कार्यक्रममा १६३३ वटा प्लास्टिक टनेल निर्माण भएका छन ।

१८ विद्यार्थीहरुलाई दिवा खाजा, छात्राहरुलाई सेनेटरी प्याड, प्रशुती विदामा वसेका शिक्षिकाको सट्टा शिक्षक, प्रशुती सेवाका लागि निःशुल्क एम्वुलेन्स सेवा, ६५५ विपन्न असङ्गठित श्रमिकहरुको पेन्सन योजना, सवै माध्यमिक विद्यालयमा खानेपानी, शौचालय, पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्यूटर ल्याव, अन्य भौतिक सुविधा उपलव्ध गराईएको छ ।

१९ फलेवास नगर अस्पताल स्थापना भएको छ । वडा नं. १, ३, ५, ६, ९, १०, ११ मा स्वास्थ्य चौकी निर्माण सम्पन्न हुने चरणमा पुगेका छन भने वडा नं. २, ४, ७ र ८ का स्वास्थ्य चौकी भवन निर्माणका लागि संघीय सरकारमा प्रस्ताव गरिएको छ ।

२० दिगो भौतिक विकासलाई जोड दिँदै सवै वस्ती, वडा र अन्तर पालिका तथा जिल्ला जोड्ने सडक सञ्जालको विकास हुँदैछ । सडकलाई व्यावसायिक र पर्यावरणीय वनाउन जोड दिइएको छ । **कृषि, पर्यटन, पूर्वाधार र रोजगार : समृद्ध फलेवास सुन्दरको आधार** हाम्रो दीर्घकालिन सोच पूर्ण हुँदैछ । समग्रमा समृद्ध फलेवास सुखी फलेवासी हुदैं समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय लक्ष्य पूरा हुने गरी हाम्रा योजनाहरु कार्यान्वयन भई रहेका छन ।

२१ फलेवास नगरपालिकामा वितरण मूखि विकास भन्दा दिगो, समन्यायीक र संस्थागत विकास जोड दिँदै आएका छौं । जसका कारण नेपाल नगरपालिका संघले आ.व.२०७५/०७६ मा राजश्व परिचालन र वित्त व्यवस्थापनमा नेपालकै उत्कृष्ट नगरपालिकाको रुपमा फलेवास नगरपालिकालाई पुरस्कृत गरेको छ । यसले फलेवास र फलेवासीको सिर उच्चो वनाएको छ । नेपाल सरकारले अगाडी ल्याएको स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कनको समिक्षामा फलेवास नगरपालिकाले ८६.५ प्रतिशत स्वःमूल्याङ्कन अंक प्राप्त गरी कार्यपालिकाको निर्णय अनुसार सार्वजनिक समेत गरेका छौं यसलाई अनुमोदनका लागि अनुरोध गर्दछु । यी दुई मूल्याङ्कनले तपाई हाम्रो नगरपालिका नेपालमा सिस्टममा चलेका थोरै स्थानीय सरकार मध्यमा पर्दछ यो नै तपाई हाम्रो विगत ४ वर्षको उपलव्धी हो । नगरपालिकालाई यो अवस्थामा ल्याउन सहयोग गर्ने सवै पक्षलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

२२ सभाध्यक्ष महोदय,

हामी निर्वाचित भएर आएको चौथो वर्ष पुरा भई पाँचौ वर्षमा प्रवेश गरेका छौं । हामीले पाँचौ वर्ष आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रम तय गर्दा चालु वर्ष सम्म प्राप्त उपलब्धीहरुलाई संस्थागत गर्दै,

पहिलो वर्ष देखि अगाडी सारेको दिर्घकालिन सोच, नगरका गौरवका योजनाको कार्यान्वयनलाई जोड दिएको छु । नागरिकका दैनिक आधारभूत आवश्यकता संवोधन गर्ने, नागरिकका सामाजिक तथा आर्थिक हित संवर्द्धन गर्ने, समावेशी तथा समन्यायीक विकास अगाडि बढाउने तथा दीगो विकासलाई आत्मसाथ गर्ने प्रवन्ध मिलाएको छु ।

२३ अव म गत आर्थिक वर्षको यथार्थ आय व्ययको समिक्षा प्रस्तुत गर्दछु ।

## आम्दानी तर्फ :-

गत आर्थिक वर्ष २०७६/७७ मा यस नगरपालिकामा आम्दानी ६९ करोड ९९ लाख ६७ हजार ४ सय ५० रुपैया ६० पैसा भएको छ । जस अन्तर्गत अ.ल्या. १ करोड, ४८ लाख, ५४ हजार, २७३ रुपैया र आन्तरिक स्रोतः १ करोड, ८९ लाख, ५७ हजार ४० रुपैया, वित्तिय समानिकरण संघबाट १० करोड, ८ लाख, रुपैया, संघीय शर्सत चालु ३२ करोड, ५६ लाख, ५८ हजार रुपैया, सामाजिक सुरक्षा तर्फ १० करोड, ४२ लाख, १९ हजार ४ सय रुपैया, संघीय समपूरक रु.१ करोड, ५९ लाख,४० हजार, संघीय विशेष अनुदान रु ७५ लाख, राजस्व बाँडफाँड तर्फ संघबाट ४ करोड, ७९ लाख, १६ हजार, ३ सय ९३ रुपैया, प्रदेश राजस्व बाँडफाँडः ३३ लाख ४ हजार रुपैया, प्रदेश समानीकरण तर्फ १ करोड, १३ लाख, ६७ हजार ४ सय ३० रुपैया, स्थानीय पूर्वाधार साझेदारी कार्यक्रममा ७७ लाख, ७४ हजार, ९ सय २ रपैयाँ, कोभिड कोष ८९ लाख, प्रदेश शर्सत अनुदान ७५ लाख अन्य पि.एल.जि.एस.पि. ७ लाख, विविध शिर्षक पर्यटन, गरिवँग विश्वेश्वर, सडक वोर्ड, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय आदिवाट रु.२ करोड, ४५ लाख, ७६ हजार, १२ रुपैया आय भएको थियो ।

## व्यय तर्फ :

यस नगर कार्यपालिकाको २०७७ असार मसान्त सम्मको चालु खर्च रु.३३ करोड, १२ लाख, २६ हजार, १५० रुपैयाँ, पूँजीगत तर्फ २९ करोड, ५ लाख, ४० हजार, ७ सय ४६ रुपैयाँ मात्र खर्च भएको छ । कोभिड कोषबाट रु.६३ लाख ६७ हजार २ सय २८ रुपैयाँ खर्च भएको छ भने रु.२ करोड, ८५ लाख, ९४ हजार ४ सय १४ रुपैयाँ निकासा फिर्ता गरिएको छ । धरौटी रकम रु.७ लाख ६८ हजार ३ सय ९ रुपैयाँ, बैंक मौज्दात ४ करोड, २४ लाख, ७० हजार ६ सय ३ रुपैयाँ साठी पैसा चालु आ.व.मा जिम्मेवारी सारिएको छ ।

### लेखापरीक्षण प्रतिवेदन :

नगरपालिकाको गत आर्थिक वर्ष २०७६/०७७ को आर्थिक श्रेस्ताको फलेवास नगरपालिकाको आ.ले.प. शाखाबाट आन्तरीक लेखा परिक्षण र महालेखा परिक्षणको कार्यालयवाट अन्तिम लेखा परिक्षण भई प्रतिवेदन प्राप्त भएको छ । बेरुजु देखिएका आयोजना फरफारक गरी फर्छौट हुने क्रममा रहेको छ । म.ले.प. वाट प्रारम्भिक रुपमा औल्याईएका बेरुजुको प्रतिक्रिया समेत समयमा नै पठाई सकिएको छ । बाँकी रहेको बेरुजु फर्छौटका लागि आवश्यक प्रक्रिया अगाडि वढाईएको छ । गत आ.व.मा देखिका नीतिगत बेरुजुलाई चालु आ.व.मा नदोहोरिने गरी कार्यान्वयन गरिएको छ ।

## सभाध्यक्ष महोदय,

### अव म चालु आ.व. २०७७०७८ को शंसोधित कार्यक्रम तथा वजेट प्रस्तुत गर्दछु

### क) आम्दानी तर्फ

| शिर्षक | अनुमानित वजेट | शंसोधित वजेट |
|---|---|---|

| शिर्षक | अनुमानित वजेट | शंसोधित वजेट |
|---|---|---|
| वित्तिय समानिकरण तर्फ (संघीय सरकार) | १०१५००००० | १०१५००००० |
| ससर्त चालु अनुदान (संघीय सरकार) | ४१३२००००० | ४३३५३५४३० |
| राजश्व वाँडफाँड (संघीय सरकार) | ७०८८३९५० | ७०८८३९५० |
| समपूरक अनुदान संघ | १५०००००० | १५०००००० |
| विशेष अनुदान | २३५००००० | २३५००००० |
| आन्तरिक राजश्वबाट | १५०००००० | १५०००००० |
| गत वर्षको मौज्दात | ३७०००००० | ३७०००००० |
| प्रदेश समानिकरण (गण्डकी प्रदेश सरकार) | १२०४३००० | १२०४३००० |
| राजश्व वाँडफाँड (गण्डकी प्रदेश सरकार) | ४१५५००० | ६२४७४७५ |
| प्रदेश शसर्त (गण्डकी प्रदेश सरकार) | | ५७६०००० |
| सामाजिक सुरक्षा रकम | ११५०००००० | १००६४४००० |
| पि.एल.जि.एस.पि. | ७००००० | ७००००० |
| प्रदेश समपूरक | १००००००० | १००००००० |
| अन्तरसरकारी विविध योजना संघ | | १३५२६००० |
| अन्तरसरकारी विविध योजना प्रदेश | | ३००००० |
| पर्यटन वोर्ड | ३०००००० | ३०००००० |
| स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम | ५०००००० | ४३००००० |
| सडक बोर्ड | ३०००००० | ३०००००० |
| जि स स बाट प्राप्त | ४०००००० | ४०००००० |
| सामाजिक विकास मन्त्रालय(कोभिड कोष) | | ५००००० |
| जम्मा | ८३२२८१९५० | ८५९७३९८५५ |

सभाध्यक्ष महोदय,

अव म चालु आ.व.को २०७८ जेष्ठ मसान्तसम्मको समिक्षा प्रस्तुत गर्दछु ।

चालु आ.व.को जेष्ठ मसान्तसम्म चालु बजेट ७४ प्रतिशत र पूँजीगत बजेट ३१ प्रतिशत खर्च भएको छ भने चालु आ.व.को मध्यावधी सम्ममा ५३ प्रतिशत खर्च भएको छ । आन्तरिक राजश्व १ करोड ५० लाख उठ्ने लक्ष्य राखिएकोमा सो अवधीमा रु.९१,४०,७१५ । रुपैयां संकलन भै ६१ प्रतिशत राजश्व असुली भएको छ । कोभिड १९ को महामारी र सरकारले लगाएको लकडाउनका कारण लक्ष्य अनुसारको राजश्व असुली कम हुने देखिन्छ ।

आगामी वर्षको बजेटका निम्नानुसारका उद्देश्य रहेका छन :

- विकासवाट प्राप्त लाभहरुको समन्यायिक वितरण मार्फत सामाजिक न्याय सुनिश्चिता भएको नगर निर्माण गर्ने ।
- आफ्नो अधिकार प्रति सचेत र आफ्नो कर्तव्य प्रति जागरुक नागरिक तयार गर्ने ।
- पूर्वाधारको निर्माण गरी नगरलाई समुन्नत, सुदृढ, स्वाधीन र समाजबाद उन्मुख अर्थतन्त्रको निर्माण गर्ने ।
- नागरिकका आधारभूत आवश्यकता परिपूर्ती गर्दै जीवनस्तर सुधार गर्ने ।
- उद्यमशील तथा व्यावसायी नागरिकको सिर्जना गर्दै मानव पूँजी निर्माण गरी नगरको आर्थिक वृद्धी गर्ने ।
- नगरलाई कृषि र शिक्षाको केन्द्रका रुपमा विकास गर्दै दुध, मासु, फलफुल, तरकारी र खाद्यान्नमा आत्मनिर्भर वनाउदै हरेक नागरिकलाई स्वरोजगार वनाउने ।
- सिमित श्रोत साधन, अवसर र क्षमताको विकास तथा उच्चतम उपयोग गरी द्रुत आर्थिक तथा मानवीय विकास गर्ने ।
- समग्रमा सुखी फलेवासी र खुसी फलेवासीका लागि केन्द्रित भई प्रभावकारी रुपमा कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने ।

सभाध्यक्ष महोदय,

२४ नेपालको संविधानमा निर्दिष्ट मौलिक हक तथा नागरिक कर्तव्य, संविधानले विन्यास गरेको स्थानीय सरकारको अधिकार क्षेत्र, नेपालको पन्ध्रौ योजनाले तोकेका प्राथमिकताहरु, फलेवास नगरपालिकाको गुरु योजनाले अगाडि सारेका लक्ष्य तथा कार्यक्रम, आगामी आर्थिक वर्षका लागि संघीय सरकारको नीति तथा कार्यक्रम र वजेट, गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट, स्थानीय नागरिकको माग, चाहना तथा आवश्यकता, वस्ती, टोल, वार्ड, विषयगत समितिमा भएका छलफल र प्रथामिकता, विज्ञहरुको सुझाव, नगर कार्यपालिकामा भएको साधन स्रोतको उपलब्धता तथा यस नगर कार्यपालिकाको आ.व. २०७८/०७९ को पारित नीति तथा कार्यक्रमको आधारमा कार्यक्रम तथा वजेट तयार गरेको छु ।

२५ फलेवासको सर्वाङ्गीण विकासका लागि विद्यमान चुनौतिहरु यस प्रकार प्रस्तुत गरेको छु ।

- कोरोना भाइरस (कोभिड १९) को महामारीले पारेको असर न्यूनिकरण गर्न
- मौषमजन्य विपत र नगरवासीमा पारेको असरलाई कम गर्न
- नागरिकका वढ्दा चाहना तथा आकांक्षालाई सिमित स्रोत साधनद्धारा संवोधन गर्न
- भौगोलिक विषमता, जोखिमपूर्ण स्थानको वाहुल्यतालाई अवसरको रुपमा बदल्न
- नगर निर्माणमा नागरिक उत्तरदायित्व तथा जिम्मेवारी अभिवृद्धी गर्न

२६ प्रस्तुत चुनौतिहरुको वावजुत पनि निम्न सवल पक्षहरुको विद्यमानताले यी चुनौतिहरुको न्यूनीकरणमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

- नगरवासीमा सकरात्मक सोच र दृष्टिकोण क्रमश बढिरहेको

- कठिन परिस्थिती, महामारी र संकटमा पनि नगरवासीको आत्मवल, धैर्यता र संकटको सामाना गर्न सक्ने क्षमता रहेको
- फलेवास नगरपालिकाको समग्र विकासमा नागरिकको अधिक चासो देखिएको
- भौगोलिक तथा सामाजिक विविधतामा अनुकुलन देखिएको
- योजनावद्ध, दीगो विकासको आधारशीला र मार्गचित्र तयार भएको
- राजनैतिक एंव भौगोलिक सहमतिजन्य संस्कारको विकास भएको
- नगरवासीमा सामाजिक ऐक्यवद्धता, भाइचारा एवं सद्भाव रहेको

२७ प्रस्तुत गरिएका उद्धेश्यहरुको व्यवहारिक रुपान्तरणका लागि बजेटका निम्न प्राथमिकताहरु निर्धारण गरेको छु :

बजेटका प्राथमिकताहरु :

- कोभिडको महामारी र मौषमजन्य संकटको सामना गर्ने, प्रतिरोधी क्षमता अभिवृद्धि गर्ने
- नगर कार्यपालिका, वडा कार्यालय, सडक, खानेपानी, सिँचाई जस्ता प्रमुख पूर्वाधार क्षेत्रको विकास गर्ने
- स्थानीय सरकारको शासन व्यवस्थापनमा सुशासनको प्रत्याभूति गर्ने
- नागरिकका आधारभूत आवश्यकताको परिपूर्ति गर्ने
- दिगो पूर्वाधार निर्माणवाट नागरिकहरुमा सहज सेवाको पहुँच वृद्धि गर्ने
- गुणस्तरीय शिक्षा, गुणस्तरीय स्वास्थ्य, स्वच्छ पिउनेपानी, स्वच्छ वातावरणलाई जोड दिने योजना कार्यान्वयन गर्ने
- आर्थिक तथा सामाजिक विकासका माध्यमबाट गरिवी निवारणमा प्रत्यक्ष योगदान दिने विषयहरु,

- **उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने विषयहरु,**
- **जनताको जीवनस्तर, आम्दानी र रोजगारीमा बढावा हुने विषयहरु,**
- **पर्यटन तथा साँस्कृतिक पूर्वाधारको विकास तथा प्राकृतिक स्रोतसाधनको महत्तम र दिगो उपयोग तथा वातावरण संरक्षण, उद्योगको विकास र विपद् व्ययस्थापनमा शिघ्र सम्वोधन,**
- **स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने विषयहरु,**
- **महिला बालबालिका तथा लक्षित समुदायलाई प्रत्यक्ष लाभ पुग्ने विषयहरु,**
- **लैङ्गिक समानता र सामाजिक समाबेशिकरणलाई टेवा पुग्ने विषयहरु,**
- **दिगो विकास वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने विषयहरु,**
- **सामाजिक समावेशीकरण र लैंगिक समानता जस्ता क्षेत्रको पूर्वाधार विकास**
- **कृषि क्षेत्रको आधुनिकीकरण,विविधिकरण,यान्त्रिकरण र व्यावसायिकीकरण गर्ने विषयहरु समावेश गरिनेछ ।**

**अध्यक्ष महोदय,**

आगामी वर्षको कार्यक्रम तथा बजेटमा समाबेश गरिएका मुख्य विषयगत क्षेत्रहरु निम्न बमोजिम रहेको व्यहोरा सम्मानित नगर सभामा प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

**चालु बजेट :**रु.३० करोड ६८ लाख जुन कुल वजेटको ३५.९७ प्रतिशत छ ।

सामाजिक सुरक्षा :रु.१५ करोड २९ लाख कुल वजेटको १७.९३ प्रतिशत हो ।

पूँजीगत बजेट :रु.३९करोड ३२ लाख जुन कुल बजेटको ४६.१० प्रतिशत छ ।

पूँजीगत बजेटलाई मुख्य शिर्षकमा तपशिलअनुसार विनियोजन गरिएको छ ।

**आर्थिक विकास :**

आर्थिक बिकासको मुख्य शिर्षकमा उद्योग तथा वाणिज्य, कृषि, पर्यटन, वित्तीय क्षेत्र र सहकारी रहेका छन् । यस मुख्य शीर्षकमा कुल रु.४ करोड १६लाख बजेट बिनियोजन गरिएको छ ।जुन पूँजीगत बजेटको १०.६ प्रतिशत रहेको छ ।

**सामाजिक विकास :**

सामाजिक बिकासको मुख्य शीर्षकमा खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, शिक्षा, स्वास्थ्य र संस्कृती प्रवर्दधनका कार्यक्रमहरु समेटिएका छन्

यस शीर्षकमा कुल रु. ९ करोड ८२ लाख बजेट बिनियोजन गरिएको छ । जुन पूँजीगत बजेटको २४.९८ प्रतिशत रहेको छ ।

**पूर्वाधार विकास :**

यस क्षेत्र अन्तर्गत उर्जा, भवन तथा सहरी विकास, वैकल्पिक उर्जा र सञ्चार, सडक तथा अन्य पूर्वाधारका क्षेत्रहरु समेटिएका छन् । यस शीर्षकमा कुल रु.१९ करोड १५ लाख बजेट बिनियोजन गरिएको छ । जुन पूँजीगत बजेटको ४८.६ प्रतिशत रहेको छ ।

**वातावरण तथा विपद व्यवस्थापन :**

यस मुख्य शिर्षकमा प्रकोप व्यवस्थापन, बाताबरण संरक्षण, जलवायु परिवर्तन, क्लिन फलेवास ग्रिन फलेवास अभियान, फोहोरमैला व्यवस्थापन, वन तथा भू-संरक्षण र विपद व्यवस्थापनका क्षेत्रहरु समेटिएका छन् । यस

शीर्षकमा कुल रु.१ करोड ७७ लाख बजेट बिनियोजन गरिएको छ । जुन पूँजीगत बजेटको ४.५२ प्रतिशत रहेको छ ।

**संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन :**

यस क्षेत्रमा अभिलेख व्यवस्थापन, नागरिक वडापत्र, मानव संसाधन विकास, सूचना प्रविधि, सुरक्षा व्यवस्थापन, सेवा प्रवाह, आन्तरिक तथा अन्तिम लेखापरीक्षण, न्यायीक समिति व्यवस्थापन, राजश्व परिचालन, संस्थागत क्षमता विकास, पूँजीगत सम्पत्तिको सञ्चालन र सम्भार, कार्यालय सामान तथा सेवाहरु, सेवा तथा परामर्श, कार्यक्रम सम्बन्धी खर्चहरु, अनुगमन र मूल्याङ्कन र भ्रमण अन्तर्गत हुने खर्चहरु, स्थिर सम्पत्तिको उपभोग खर्च, सेवा शुल्क आदि समेटिएका छन् । यस शीर्षकमा कुल रु.१ करोड २८ लाख बजेट बिनियोजन गरिएको छ । जुन पूँजीगत बजेटको ३.२७ प्रतिशत रहेको छ ।

**सामाजिक सुरक्षा तर्फ :**

यस क्षेत्रमा जेष्ठनागरिक, एकल महिला, जेष्ठ दलित, दलित वालवालिका, अपाङ्गता भएको क्षेत्रका बालवालिकाको सामाजिक सुरक्षा भत्ता समावेश गरिएको छ । यस शीर्षकमा कुल रु.१५ करोड २९ लाख बजेट बिनियोजन गरिएको छ । जुन कुल बजेटको १७.९३ प्रतिशत रहेको छ ।

**कार्यलय संचालन खर्च :**

यस शिर्षक अन्तर्गत नगर कार्यपालिका, वडा कार्यालय, सेवा केन्द्र, स्वास्थ्य चौकी कार्यालय सञ्चालन र व्यवस्थापन, जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास, कर्मचारी व्यवस्थापन, वैठक, सभा, सरकार सञ्चालन पर्दछन । यस शीर्षकमा कुल रु.८ करोड बजेट बिनियोजन गरिएको छ । जुन कुल बजेटको ९.६२ प्रतिशत रहेको छ ।

**अन्य क्षेत्र :**

यस क्षेत्रमा माथी उल्लेखित क्षेत्रमा नपरेका विषय प्रधानमन्त्री रोजगार कार्यक्रम, राष्ट्रिय परिचय पत्र, पञ्जिकरण, अन्य शर्सत आउने कार्यक्रम यस शिर्षकमा राखिएको छ । अन्य शीर्षकमा कुल रु.१ करोड ६६ लाख बजेट बिनियोजन गरिएको छ । जुन कुल बजेटको १.९५ प्रतिशत र पूँजीगत वजेटको ४.२२ प्रतिशत छ ।

**सभाध्यक्ष महोदय,**

**२८ अव म नगरका प्रस्तुत चुनौति, उद्देश्य र प्राथमिकताको आधारमा रहेर कृषि, पर्यटन पूर्वाधार र रोजगार : सुन्दर फलेवास समृद्धीको आधार भन्ने नारालाई व्यवहारिक रुपान्तरण गर्न फलेवास नगर कार्यपालिकाको आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

## भौतिक पूर्वाधार विकास

**२९ विश्व व्यापी रुपमा फैलिएको कोरोना भाईरसले पारेको प्राभावलाई न्यूनिकरण गर्न, कोभिडको नियन्त्रण, रोकथाम, उपचार, र रोजगारको सृजना, Community Development Program अन्तर्गत यूवा केन्द्रीत Digital Library, हाटबजार सुधार, सार्वजनिक शौचालय, सामुदायिक बसपार्क सुधार, पार्क निर्माण, सडक संरचना निर्माण, ढल निर्माण, फोहरमैला व्यवस्थापन, नाला निर्माण, सार्वजनिक पर्खाल निर्माणका लागि श्रममूलक योजना कार्यान्वयन गर्न ५ करोड ५० लाख बजेट व्यवस्था गरेको छु । नगरवासीको जिविकोपार्जनमा सुधार, ग्रामीण वस्ती तथा वसोवासवाट निर्माण भएको फलेवासलाई शहरोन्नमुख नगरमा रुपान्तरण गर्न आवश्यक पूर्वाधार निर्माण हुनेछ । यस कार्यक्रमका लागि नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना मार्फत साझेदारी हुनेछ ।**

**३० नगरको मुख्य वस्ती सडक यातायातवाट वढीमा ५ मिनेटको पैदल दूरीमा सञ्जालीकरण गर्ने नगरको नीति अनुसार वाँकी रहेका नयाँ ट्याक ओपन गर्ने**

सडकहरु निर्माण गर्ने कार्य नगरपालिकाको एक्जाभेटर र व्याक हु लोडरवाट गर्ने गरी रु. १ करोड बजेट विनियोजन गरेको छु । नगरका हरेक बस्तीमा सडक सञ्जालीकरण भई नगरवासीहरुलाई सहज यातायातको पहुँच पुग्ने छ ।

३१ नगरपालिकाले अगाडी सारेको वाहिरी चक्रपथ निर्माण तथा स्तरवृद्धी कार्यक्रम अन्तरगत बाच्छा खोला तिनकुले पाङराङ, भंगरा वाहुनीमारा वगाले सम्म र कार्किनेटा भुजेल स्वांरा, पत्यार, नुवारसम्म ट्याक ओपन भएको छ सो सडकलाई स्तरवृद्धि गर्ने र नुवार देखि रुग्दी तातोपानी सडक खण्ड ट्याक ओपन गर्ने बजेट विनियोजन गरेको छु । यस सडकको निर्माणले नगरको पूर्वी तथा दक्षिण छेउमा पर्ने बस्तीवाट नगर केन्द्रमा नागरिकको सहज आवागमनको सुविधा पुग्ने छ ।

३२ नगरपालिकाको ८ वटा वडालाई छुने महत्वपूर्ण सडक भित्री चक्रपथ लमायखोला-लिमिठाना-पोखराधारा सलिनधारा बेतेहानी थापाठाना शंकरपोखरी खानीगाउँ खौला लमाय खोला सडक र देविस्थान-खानीगाउँ चितिपानी-शंकरपोखरी डाँडा-मेलपोखरी हटिया सडकको स्तर वृद्धिको लागि बजेट व्यवस्था गरेको छु । यसवाट वडा कार्यालय र नगर कार्यपालिकाको कार्यालयमा सहज रुपमा आवतजावत गर्न सुविधा पुग्ने छ ।

३३ मुख्य लिङ्क रोडहरु लिमिठाना, अर्चले, सिरुवारी थापाठाना, तातोपानी रुग्दी चुचुन देउराली पोखराचौर, सिरकाङ्ग पाङराङ, शिवमन्दिर चितिपानी शंकरपोखरी मेलपोखरी, सिरसुवा मुडिकुवा सडक सुधार गर्ने कार्यका लागि आवश्यक बजेट व्यवस्था गरेको छु । यसवाट पशुपालन, खाद्यन्न, तरकारी, फलफुल खेती क्षेत्रका किसानहरुको आर्थिक विकासमा टेवा पुग्ने छ ।

३४ पहिलो नगर सभावाट शुरुवात गरेका पूर्वाधार विकासका आयोजनाहरु कार्यान्वयनका लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

३५ नगर कार्यपालिकाको प्रमुख प्रशासनीक भवन, आवास निर्माण लागि रु २ करोड ५० लाख विनियोजन गरेको छु ।

३६ फलेवास नगरपालिकाका वडा नं. २, ९, १०, ११ मा वडा कार्यालय भवन निर्माण भई रहेका छन । ती वडा कार्यालयहरुको समपुरक बजेटको प्रवन्ध गरेको छु । वडा कार्यालय निर्माण हुन बाँकी रहेका वडा ३ र ८ को निर्माणको प्रक्रिया अगाडी वढेको छ भने वडा नं. ५ र ७ वडा कार्यालय निर्माण गरिने छ । वडा कार्यालय निर्माणका लागि रु.३ करोड ६२ लाख वजेट विनियोजन गरेको छु ।

३७ नगर कार्यपालिकाले अगाडी वढाएको वयरडाँडा लमाय खोलामा औधोगिक क्षेत्र, इन्द्रको डिलमा वसपार्क, माझ्गिाउँमा रङ्गशाला खेलकुद मैदान, अम्वोटमा सिटीहल र खेल मैदान, पोखराधारामा खेल मैदान, मुडिकुवामा ड्याम्पिङ्ग साईड निर्माणका लागि श्रोतको खोजी गरी निर्माण कार्य अगाडी वढाउन साझेदारीमा बजेट व्यवस्था गरेको छु ।

३८ समुदायमा आधारित संस्था, आमा समुह, युवा क्लव, सामुदायिक वन उपभोक्ता समुह, सहकारी आदिको साझेदारीमा सामुदायिक भवन निर्माणका साझेदारीका लागि रु.१० लाख विनियोजन गरेको छु ।

३९ समन्वय, सहकार्य, साझेदारी तथा सहलगानीमा नगरको विकास गर्ने नीति अनुरुप सडक बोर्ड तथा अन्य योजनामा साझेदारीका लागि रु ५० लाख छुट्टाएको छु ।

४० नगरमा रहेका काठका पोललाई फलामे पोलवाट विस्थापन गर्न पोल व्यवस्थापन भएको छ । सामुदायिक विद्युतीकरण समुह र विद्युतका अन्य सामग्री व्यवस्थापन गरी विद्युतको सहज आपूर्तिका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

४१ नगर क्षेत्रमा रहेको कृषियोग्य भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउन रु ४५ लाख विनियोजन गरेको छु । यसवाट कृषिको उत्पादन र उत्पादकत्वमा वृद्धी भई फलेवास नगर कृषि उत्पादनमा आत्म निर्भर हुनेछ ।

४२ कुर्घा, लिमिठाना, भंगरा, फलेवास वृहत, शंकरपोखरी लिफिटङ, ठानामौला, मुडिकुवामा खानेपानी आयोजना जस्ता वृहत प्रकृतिका खानेपानी आयोजनाहरु संघ र प्रदेश सरकारसँगको सहकार्य र साझेदारीमा संचालन गरिने छ । नगरमा

स्वच्छ एवं गुणस्तरीय खानेपानीको सहज आपूर्तिका लागि एक घर एक धारा कार्यक्रम संचालन गर्न रु.२ करोड ५० लाख छुट्टाएको छु। अन्य क्षेत्रको खानेपानी सुविधा विस्तारका लागि खानेपानी व्यवस्थापन कोष स्थापना गर्न प्रस्ताव गरेको छु।यी आयोजनाको काम सम्पन्न भए पछि ७० प्रतिशत घरधुरीमा एक घर एक धारा स्वच्छ खानेपानीको सुविधा पुग्ने छ।

४३ वर्षादमा भएको बाढी पहिरोका कारण क्षति हुन पुगेका ४७ मनसुनजन्य प्रकोपवाट क्षति पुगेका निजी आवासको पुनर्निर्माण, पुनस्थापन र प्रवलीकरणको लागि संघ, प्रदेश र फलेवास नगरपालिकाको साझेदारीमा अगाडी वढाउन बजेटको व्यवस्था गरेको छु।

४४ अति विपन्न परिवार, सुरक्षित घरवास, भूमि विहीनसँग नगर कार्यक्रमको सञ्चालन गरिनेछ । विपन्न नागरिक आवास तथा सुरक्षित आवास कार्यक्रम संघीय तथा प्रदेश सरकारको साझेदारीमा अगाडी वढाईने छ । यस सुरक्षित आवास र विपन्न आवास कार्यक्रमका लागि रु.४३ लाख छुट्टाएको छु। यसवाट स्थानीय सरकारले संविधान प्रदत्त आवासको हकलाई कार्यान्वयन गर्नेछ।

४५ नगरको पूर्वाधार विकासमा साझेदार निकाय तथा संस्थाहरुको खोजी गरिनेछ। संघ सरकार र प्रदेश सरकारसँग परियोजनागत साझेदारीका लागि समपुरक अनुदान व्यवस्था गरेको छु।

४६ प्रदेश सरकार र संघ सरकारको साझेदारीमा अग्ला, मझौला तथा साना झोलुङ्गे पुलहरुको निर्माण गरिने छ। वडा नं. ६ देविस्थान इन्द्रको डिल देखि जैमुनि नगर पालिका जोड्ने अग्लो झोलुङ्गे पुल, खाल्टे टेलिमेडिसिन देखि पुराललिमिसम्म अग्लो झालुङ्गे पुल, कर्नास देखि वाच्छासम्म अग्लो झालुङ्गे पुल शंकरपोखरी विरौटा देखि ठानामौला थुम्कासम्म अग्लो झोलुङे पुल, थापाठाना खनार देखि भंगरा, चौविस कुरिया देखि डान्सिङ र कुर्घा फाँट सम्म पर्यटकीय अग्लो झोलुङ्गे पुलको निर्माण कार्य अगाडी बढाउन पहल गरिने छ। नगरवासीहरुलाई आवत जावतमा असज भएका आउरी खोला, सेराफाँट, भंगारी खोला झोलुङ्गेपुल,

सिसाठाँटी सिमखेत झोलुङ्गेपुल, बेलौरे चौतारा साठीमुरेको पुछार झोलुङ्गेपुल, ठुलोखोला चित्रेखोर बेतेनी पुछारघाट झोलुङ्गेपुल, चिर्दिखोला सातमुले झोलुङ्गेपुल निर्माणका लागि ५८ लाख वजेट विनियोजन गरेको छु।

४७ नगरको बजार क्षेत्रमा शौर्य उर्जा जडान गरी उज्यालो नगर निर्माण अभियानलाई कार्यान्वियन गर्न र वैकल्पिक उर्जा प्रवर्द्धनको लागि रु.८ लाख विनियोजन गरेको छु।

४८ फलेवास नगरपालिका प्रवेश गर्ने कर्नास र मल्याङ्गदी खोलामा प्रवेशद्वार निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

## क्लिन फलेवास ग्रिन फलेवास

४९ हरेक वस्तीमा क्लिन टोल ग्रिन टोल सामुदायिक बाल क्लव गठन गरी वालवालिकालाई सानैवाट सकरात्मक भावना, सभ्य र सुयोग्य नागरिक हुने वातावरणका लागि अभिप्रेरित गरिने छ । स्वास्थ्य आमा समुह मार्फत क्लिन हाउस ग्रिन हाउस अभियान चलाउने, युवा क्लव मार्फत सामाजिक जागरण र रुपान्तरण कार्यक्रम सञ्चालन गर्ने, फलेवासका गाउँ नमुना, आफै वनाउँ, नगरका प्रत्येक घर, टोल र व्यक्ति सँग नगर कार्यपालिकाको संवन्ध स्थापित गर्न हरित विकासको अवधारणाको सफल कार्यान्वयन गर्न र फलेवास नगरपालिका लाई मानव तथा सवै जीवहरुको लागि वस्न योग्य स्थान वनाउन क्लिन फलेवास ग्रिन फलेवास कार्यक्कमलाई अभियानको रुपमा संचालन गर्न प्रयाप्त बजेट व्यवस्था गरेको छु।

## सामाजिक विकास

५० विद्यार्थीहरुको भर्ना, टिकाउ र स्वास्थ्यमा सुधार गर्न आधारभूत तह १ कक्षा देखि ५ कक्षा सम्मका विद्यार्थीहरुको लागि दिवा खाजा कार्यक्रम र सामुदायिक विद्यालयका छात्राहरुको लागि सेनेटरी प्याड व्यवस्थापन गर्न रु.१ करोड १० लाख बजेट विनियोजन गरेको छु।

५१ सवैका लागि शिक्षा, माध्यमिक तह, आधारभूत तह, बालविकास केन्द्रका शिक्षक तलव तथा पारिश्रमिकका लागि रु.१८ करोड ६२ लाख बजेट व्यवस्था गरेको छु ।

५२ विद्यालय क्षेत्र विकास कार्यक्रम, शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा, नि:शुल्क पाठ्यपुस्तक अनुदान, शैक्षिक गुणस्तर सुदृढिकरण, कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान, प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई अनुदान कार्यक्रमका लागि रु.५ करोड १ लाख विनियोजन गरेको छु ।

५३ कोभिड १९ का कारण उत्पन्न परिस्थितीमा सिकाई सहजीकरणका लागि शैक्षिक कार्यक्रम, सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि छात्रवृति कार्यक्रमका लागि रु.१८ लाख बजेटको प्रवन्ध मिलाएको छु ।

५४ पर्वत जिल्लाको सवै भन्दा पुरानो क्याम्पस पर्वत वहुमुखि क्याम्पसको सञ्चालन तथा व्यवस्थापनका लागि नियमित अनुदान उपलव्ध गराउने व्यवस्था गरेको छु । उच्च शिक्षामा साझेदारी कार्यकम अन्तरगत अन्नपूर्ण वहुमुखी क्याम्पस, कार्कीनेटा तथा शंकरपोखरी वहुमुखी क्याम्पस सञ्चालनका लागि अनुदान उपलव्ध गराउने प्रवन्ध गरेको छु । शैक्षिक गुणस्तर अभिवृद्धी, माध्यमिक विद्यालयका विद्यार्थी प्रतिभा पहिचान, सुत्केरी विदामा वसेका महिला शिक्षकको सट्टा शिक्षक, माध्यमिक तह तथा उच्च शिक्षामा विज्ञान र प्राविधिक शिक्षा अध्ययन गर्ने गरिव तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति प्रदान गर्नको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

५५ माटेदेवल मा.वि. प्रदान गरिदै आएको प्राविधिक शिक्षाको छात्रवृत्तीलाई निरन्तरता दिएको छु । भवानी विद्यापीठमा विज्ञान विषयमा अध्ययन गर्ने विद्यार्थीको लागि छात्रवृतिको व्यवस्था गरेको छु । फलेवास नगरपालिकामा रहेको मोती सामुदायिक पुस्तकालय व्यवस्थापनका लागि अनुदान दिने व्यवस्था मिलाएको छु ।

५६ गुणस्तरीय शिक्षामा विद्यार्थीको सहज पहुँचका लागि स्कूल बसमा अनुदानको व्यवस्था गरेको छु । स्थानीय पाठ्यक्रम निर्माण गर्ने, विद्यालयमा खेलकुद सामग्री

सहयोग, शिक्षा क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने सामाजिक संघसंस्थासँग साझेदारीका लागि प्रयाप्त रकम विनियोजन गरेको छु ।

५७ एक विद्यार्थी एक विरुवा रोपण कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रयाप्त बजेटको व्यवस्था मिलाएको छु । वातावरण संरक्षण, हरियाली प्रवर्द्धन, विद्यार्थीहरुको आफ्नोपन र जिम्मेवारीपन वढाउन मद्धत गर्ने छ ।

५८ समग्र शिक्षा क्षेत्रको गुणस्तर सुधार तथा शिक्षामा सवैको पहुँच तथा निरन्तरता अभिवृद्धीका लागि रु २६ करोड ३५ लाख व्यवस्था गरेको छु ।

५९ फलेवास नगर अस्पतालको स्थापना भै उपचार सेवा शुरु भएको छ । सवै नागरिकको आधारभूत स्वास्थ्यमा सरल, सहज तथा गुणस्तरीय पहुँचका वृद्धि र अस्पतालको भौतिक सुधारका लागि आवश्यक बजेट प्रवन्ध गरेको छु ।

६० मातृ तथा नवशिशु, आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला, नि : शुल्क गर्भपतन कार्यक्रम, सरुवा रोगको रोकथाम, नियन्त्रण, हात्तिपाईले रोग विरुद्धको औषधी सेवन, पशुपंक्षिवाट सर्ने रोग वर्डफ्ल्यु, एन्फुएञ्जा लगायतका रोगको रोकथाम, नियन्त्रण र निगरानीका लागि रु.९१ लाख विनियोजन गरेको छु ।

६१ कोरोना भाइरसको संक्रमण रोकथाम, नियन्त्रण, उपचार र नगरवासीहरुलाई कोरोना विरुद्धको खोप व्यवस्थापन तथा महामारीजन्य रोगको रोकथाम, खोप व्यवस्थापन तथा उपचारका लागि रु.७० लाख व्यवस्था गरेको छु ।

६२ फलेवासमा रहेको धुलिखेल अस्पतालमा एम्वुलेन्स व्यवस्थापन, अस्पताल सञ्चालन र वडा नं. ८ मा रहेको चारभञ्ज्याङ टेलिमेडिसिन स्वास्थ्य केन्द्र व्यवस्थापनमा सहकार्य र साझेदारी गरिने छ ।

६३ साझेदारीमा वाह्य खोप केन्द्र भवन निर्माण, महिला स्वास्थ्य स्वंय सेविका प्रोत्साहन, औषधी व्यवस्थापन, ल्याब सेवा विस्तार र निरन्तरता, महिला स्वास्थ्य स्वंय सेविकाको सम्मानजनक बिदाई, जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा, नगरमा वर्थिंग सेन्टर स्थापना, स्वास्थ्य आमा समुह परिचालन, विद्यालयमा विद्यार्थी हेल्थ क्लव परिचालन, प्रेषण गर्नु पर्ने सुत्केरीलाई नि : शुल्क एम्बुलेन्स

सेवा, विपन्न वर्गका विरामीको साथमा नगर प्रमुख कार्यक्रम, आधारभूत तथा आकास्मिक स्वास्थ्य सेवा, नियमित औषधी व्यवस्थापन र स्वास्थ्य विशेषज्ञ सेवा संचालन गर्न रु १ करोड १३ लाख वजेट विनियोजन गरेको छु।

६४ आयुर्वेद र आधुनिक चिकित्साको समिश्रणमा दिर्घरोगको निधान गर्ने गरी नागरिक फिटनेट सेन्टर सञ्चालन गर्न, आर्युवेद स्वास्थ्य संस्थाको क्षमता विकास र आयुर्वेद उपचारात्मक कार्यक्रमका लागि रु.३५ लाख वजेट व्यवस्था गरेको छु।

६५ ५० वर्ष देखि ७० वर्ष सम्मका विदुर पुरुष तथा एकल महिलालाई सहज जीवनयापनका लागि प्रोत्साहन र निःशुल्क स्वास्थ्य वीमा कार्यक्रम अगाडि वढाउन आवश्यक बजेट विनियोजन गरेको छु।

६६ समग्र गुणस्तरीय स्वास्थ्य सेवाका लागि रु.६ करोड ५० लाख प्रवन्ध मिलाएको छु।

६७ राष्ट्रपति रनिङशिल तथा तेश्रो मेयरकप खेलकुद प्रतियोगिता सञ्चालन र खेलकुद मैदानको निर्माण तथा सुधार गर्न लागि आवश्यक रकमको व्यवस्था गरेको छु।

६८ फलेवासका युवा सभ्यताका खम्वा कार्यक्रम, सामाजिक जागरण र रुपान्तरणमा युवाहरुको शसक्तिकरण, खेलकुद, रोजगार, आयआर्जन, उद्यम विकासका विशेष कार्यक्रम, युवा क्लवहरुको प्रवर्द्धन, नमुना युवा संसद अभ्यास आयोजना गरी युवाहरुको नेतृत्व विकास, युवा प्रतिभा पहिचान, सामाजिक जागरण र रुपान्तरणमा युवाहरु परिचालन गर्न, युवा उद्यमशिलता विकास गर्न रु.२१ लाख विनियोजन गरेको छु।

६९ प्रधानमन्त्री रोजगार कार्यकम अन्तर्गत रोजगार सेवा केन्द्र, रुपान्तरण पहल कार्यक्रम मार्फत वेरोजगार युवाहरु रोजगार उपलव्ध गराउन ९९ लाख बजेट व्यवस्था गरेको छु।

७० फलेवास नगरपालिकामा रहेका गरिव घरपरिवारको पहिचान गरी परिचय पत्र वितरण गरी नगरको श्रोत वितरणमा गरिव परिचय पत्रलाई आधार वनाईने छ यस कार्यक्रमका लागि रु.२० लाख विनियोजना गरेको छु।

७१ नगर क्षेत्रमा रहेका कोतहरुको संरक्षण, ऐतिहांसिक मन्दिरको सम्वर्द्धन, पूँजा व्यवस्थापन, भाषा तथा भेषभुषा संरक्षण, लोक संस्कृतीहरुको सम्वर्द्धन तथा सामाग्री व्यवस्थापन, तिज गित, लोकगित, रत्यौली, सालैजो, रोधी, भजन किर्तन, लाखेनाच, देवीलिला आदि संरक्षण र सम्वर्द्धन, नौमती वाजा, खैजरी मुजुरा आदि संरक्षण, सम्वर्द्धन र सामग्री सहयोगका लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।

७२ घरेलुहिंसाको न्यूनिकरण, महिलाहरुको नेतृत्व विकास र आर्थिक विकासका कार्यक्रमहरु पहिलो वर्ष देखि निरन्तर सञ्चालनमा रहेका छन । महिलासंग उपमेयर कार्यक्रम मार्फत महिला शसक्तिकरण र आयआर्जन कार्यक्रम, लैगिंक समानता तथा सामाजिक समावेशीकरणका लागि लैगिंक हिंसा न्यूनीकरण, अभिभावक विहीन वालवालिकाको संरक्षण गरी सहज जीवनयापन, पठनपाठन, स्वास्थ्य सेवा, वालवालिकाको हक अधिकारको सुनिश्चितताका लागि विविध कार्यकम सञ्चालन गरिने छ । महिला शसक्तिकरण तथा क्षमता विकास, महिला वालवालिका तथा जेष्ठ नागरिकको कार्यकम कार्यान्वयनका लागि रु.२५ लाख व्यवस्था गरेको छु ।

७३ महिला, युवा, विपन्न, उद्यमीहरुको क्षमता विकास, सीप विकास, प्रविधी हस्तान्तरण, नयाँ उद्यमी सृजना र साझा सुविधा केन्द्र व्यवस्थापनको लागि गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम मार्फत रु.३८ लाख विनियोजन गरेको छु ।

७४ नगरमा समावेशी तथा शसक्तिकरण समिति गठन गरी पछाडि पारिएका वर्ग समुदायको शसक्तिकरण, क्षमता विकास, नेतृत्व विकास र जीविकोपार्जनका कार्यक्रम सञ्चालन गरिने छ यसका लागि रु.४० लाख व्यवस्था गरेको छु ।

७५ सरकार, नागरिक समाज र निजी क्षेत्रको समन्वय, सहकार्य र साझेदारी आवश्यक छ । दिगो विकास लक्ष्यको स्थानीयकरणका लागि गैससहरुको कार्यक्रमलाई फलेवास नगरपालिकामा समाहित गरिने छ । नगर क्षेत्रमा कार्यक्रम

संचालन गरिरहेका गैससहरुका कार्यक्रम प्रभावकारी र नगरको लक्ष्य, नीति तथा कार्यक्रममा केन्द्रित भै सञ्चालन गर्ने वातावरण सृजना गरी वार्षिक नगर विकास योजनामा समावेश गरिने छ । नगरको विकासका लागि गैसस मार्फत रु. १ करोड ५ लाख बजेट कार्यान्वयन हुने प्रस्ताव गरेको छु । यसवाट गुणस्तरीय शिक्षा, आयआर्जन, सहकारीहरुको संस्थागत विकास, युवा महिलाहरुको शसक्तिकरण, महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता विकासमा सहयोग पुग्ने छ ।

७६ फलेवास नगरपालिकामा कार्यरत सामाजिक संघसंस्था तथा गैरसरकारी संस्थाको क्षमता विकास र व्यवस्थापनको लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

## आर्थिक विकास

७७ नगर कार्यपालिकाले अगाडी सारेको गौरवको आयोजना अंसगठित श्रमिकको भविष्यको सामाजिक सुरक्षा, मानव मूल्य, समानता, सामाजिक न्याय, विपन्न वर्गका श्रमिकको भावी दिनको सहज जिवनयापनका लागि नागरिक लगानी कोषको सहकार्यमा श्रमिक पेन्सन योजना अगाडी वढाएको छ । चालु आ.व.मा ६५५ जना श्रमिकवाट शुरुवात गरिएको यस कार्यक्रम आगामी २ वर्ष भित्र १३ सय श्रमिक परिवारमा पुर्‍याउने लक्ष्य राखिएको छ । यस कार्यक्रमको व्यवस्थापन, कोष सञ्चालनका लागि रु.५० लाख विनियोजन गरेको छु ।

७८ बाँझो जमिनको उपयोग हुने गरी उन्नत वीउ, मल व्यवस्थापनमा सहयोग हुने वातावरण मिलाएको छु । नगरपालिका क्षेत्रमा तरकारी पकेट र व्यवशायीक कागती खेती विस्तारका लागि प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनावाट रु.२४ लाख व्यवस्था गरेको छु ।

७९ एक वडा एक कृषि फर्म कार्यक्रम कार्यान्वयन भएका फर्मको दीगोपना कायम गरिने छ । विरुवा हाम्रो फल तपाईको, टनेल हाम्रो उत्पादन तपाँइको, कफी वगैचा कार्यक्रम, उपलव्धीमा आधारित कृषि अनुदान, कृषि उपजको समर्थन मूल्य व्यवस्थापनका लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

८० कृषि विकास रणनीति अनुगमन तथा समन्वय, किसान सूचिकरण एवं तथ्यांक अद्यावधिक कार्यक्रम, मध्यम प्रविधियुक्त वहुउदेश्यीय फलफुल नर्सरी स्थापनाका लागि, खाद्यन्न वालीको उन्नत विउ उपयोगमा मूल्य अनुदान, एकगाउँ एक प्राविधिकको निरन्तरताका लागि रु.५८ लाख विनियोजन गरेको छु ।

८१ विपन्न किसानहरुले वाखा पालन,  स्थानीय जातका कुखुरा पालन, पशु स्वास्थ्य तथा प्रयोग सेवा, पशु स्वास्थ्य सिविर तथा खोप, पशु वीमा, प्रतिफलमा आधारित अनुदान, कृतिम गर्भाधान कार्यक्रम, साना व्यवशायीक कृषि उत्पादन केन्द्र भैसी पकेट, पशुआहारा मिसन, मासु मिसन, कृतिम गर्भाधान मिसनका लागि ४९ लाख वजेट छुट्टाएको छु ।

८२ आर्थिक सामाजिक सूचकका आधारमा कमजोर देखिएका घरपरिवार तथा व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, रोजगारी, आयआर्जनको अवसर तथा सामाजिक संरक्षणका कार्यक्रम मार्फत् जीवनस्तरमा सुधार गर्न सरकारी, गैह्रसरकारी संघसंस्था, निजी क्षेत्र र फलेवास नगरपालिका बीच समभ्रूदारी गरी अल्पकालिन एवं दीर्घकालीन आयोजना संचालनका लागि सामाजिक विकास तथा आर्थिक विकास तथा वन तथा वातावरण क्षेत्रवाट साभ्रेदारी हुने गरी १ करोड २० लाख व्यवस्था गरेको छु ।

८३ कृषिमा व्यवशायीकरण, यान्त्रीकिकरण र आधुनिकिकरण गर्न, पशुसेवा र कृषि विकासका समग्र कार्यक्रम संचालनका लागि रु.२ करोड ३० लाख वजेट व्यवस्था गरेको छु ।

८४ परम्परागत पेशा व्यावसायको आधुनिकिकरण, एक वडा एक घरेलु औजार उद्योग स्थापना, उद्यमीहरुको लागि प्रविधि हस्तान्तरण, व्यावसायको सुदृढीकरण, सीप विकास गर्न आवश्यक रकमको प्रवन्ध गरको छु ।

८५ फलेवासको पर्यटन विकासका लागि डहरे क्षेत्र, चिसापानी क्षेत्र, कालीगण्डकी क्षेत्र, लमाय खोला क्षेत्र मनमोहन शान्ति वाटिकाको पूर्वाधार निर्माण, मदनभण्डारी पार्क पर्यटन उपज साभ्रेदारी, होम स्टेमा, धार्मिक पर्यटकीय क्षेत्रको

पूर्वाधार विकास, आवश्यक स्थानमा पदमार्ग निर्माण, ऐतिहांसिक कोत तथा मन्दिर संरक्षण, सम्वर्द्धन, प्रचार प्रसारका लागि रु.१ करोड २० लाख विनियोजन गरेको छु ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन:

८६ सडकको दीगो संरक्षणका लागि सडक वरपर अम्रिसो, डालेघाँस प्रवर्द्धन, एक वडा एक चौतारी, पोखरी निर्माण, नदी कटान तथा जल उत्पन्न प्रकोप व्यवस्थापन, भू क्षय तथा पहिरो नियन्त्रण, खानेपानीका मुलहरुको संरक्षणका लागि रु २० लाख रकम विनियोजन गरेको छु । विपत व्यवस्थापन कोष व्यवस्थापनका लागि रु २० लाख छुट्टाएको छु ।

८७ समग्रमा प्रकोप व्यवस्थापन, वातावरण तथा विपद् व्यवस्थापनका कार्यक्रमहरु संचालन गर्न रु १ करोड २० लाख विनियोजन गरेको छु ।

## संस्थागत विकास तथा शुसासन

८८ नगरमा कार्यरत कर्मचारीलाई उच्च मनोवलका साथ कर्तव्यनिष्ठ वनाउन उनीहरुको क्षमता विकास र कार्यसम्पादन तथा उपलब्धीमा आधारित प्रोत्साहन प्रणाली अवलम्वन गरी कर्मचारीको मनोवल उच्च राखिनेछ । अतिरिक्त काम गर्ने राष्ट्रसेवक कर्मचारीहरुलाई कार्यवोझका आधारमा थप प्रोत्साहन र खाजा भत्ता व्यवस्था गरेको छु ।कोभिडको महामारी र प्रकोपमा अग्रपंक्तिमा रहेर काम गर्ने राष्ट्रसेवकहरुको लागि थप प्रोत्साहन गरिने छ ।

८९ पञ्जिकरण व्यवस्थापन, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली सञ्चालन, एम.आई.यस.अपरेटर र फिल्ड सहायकको २५ प्रतिशत तवल सुविधा समावेश गरी वजेट व्यवस्था गरेको छु ।

९० सुचना तथा प्रविधि शाखा व्यवस्थापन तथा इन्टरनेटको सञ्जालीकरण तथा क्षमता विकास तालिम, टोल विकास संस्था परिचालन तथा व्यवस्थापन, सेवा

प्रवाह सवलीकरण तथा शुसासन सवलीकरण कार्यक्रम, सामाजिक परिचालक/सामाजिक अभियान्ता व्यवस्थापनको लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।

९१ नागरिक मैत्री सेवा प्रवाहको सुनिश्चितताको लागि कर्मचारीहरुलाई कार्यसम्पादन तथा उपलब्धीमा  आधारित प्रोत्साहन गरी उच्च मनोवलका साथ काम गर्न, कार्यरत अस्थायी, सेवा करार, ज्यालादारीमा रहेका कर्मचारीहरुको न्यायोचित वृत्ति विकास, योगदानमा आधारित अवकास कोष/कल्याण कोषको व्यवस्था गरेको छु ।

९२ न्यायीक समिति व्यवस्थापन, मेलमिलाप कक्ष व्यवस्थापन, न्यायीक सेवा विस्तार, ऐन कानुन प्रकाशन, मेलमिलाप कर्ताको सूचिकृत, क्षमता विकास, अभिलेखिकरणका लागि रु.१२ लाख रकम विनियोजन गरेको छु ।

९३ टोल विकास संस्थाहरुलाई नगर विकासको अभियानमा समाहित गर्न, टोल विकास संस्था मार्फत फलेवासका टोल विकासका मोडल कार्यक्रम सँचालन गर्न वजेट व्यवस्थापन गरको छु ।

९४ नगरमा सुरक्षा व्यवस्थापन, नगर कार्यपालिकाका निर्णय कार्यान्वयनमा सहयोग पुर्‍याउन, सार्वजनिक सम्पतीको संरक्षण गर्न नगर प्रहरीको व्यवस्थापन गर्न बजेटको प्रवन्ध मिलाएको छु ।

९५ स्थानीय संचार माध्यमको भौतिक सुधार, नगरको उपलव्धी प्रचार प्रसार, संचार माध्यमको सवलीकरण र विज्ञापन, रेडियो कार्यक्रम प्रशारण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, लैङ्गिक परिक्षण जस्ता कार्यक्रमहरु संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

९६ समग्र संस्थागत विकास, सेवा प्रवाह प्रभावकारीता, सुशासन प्रवर्द्धन, क्षमता विकास, सामाजिक परिचालनका लागि रु.१ करोड १० लाख व्यवस्था गरेको छु ।

## राजस्वः

९७ फलेवास नगरपालिकाले विगत ३ वर्ष यता करका दरहरु यथावत राख्दै आएको छ । र करको दर कम र दायरा फराकिलो वनाउदै गरिवमैत्री कर प्रणालीलाई पूर्णरुपमा कार्यान्वयन गरिने छ । नगरले पहिचान गरेका विपन्न, सिमान्तकृत समुह, अतिसिमान्तकृत परिवारलाई लाग्ने कर तथा सेवा शुल्क पूर्ण रुपमा निशुल्क गर्ने व्यवस्था गरेको छु । नगरपालिकालाई क्रमशः आत्मनिर्भर बनाउन करको दायरालाई फराकिलो गरिएको छ । गरिव मैत्रीकरको शुरुवात गरिएको छ । अपाङ्गता भएका व्यक्ति तथा अति गरिव र सीमान्तकृत नागरिकका लागि कर छुटको व्यवस्था गरेको छु ।

९८ राजस्व चुहावट नियन्त्रणका राजस्वलाई वैंकिंग प्रणाली र सफ्टवेयर मार्फत व्यवस्थित गरिनेछ । कर प्रणालीलाई व्यवस्थित बनाउन सञ्चार माध्यम र करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

९९ नगरपालिकाको राजस्वमा विभिन्न शिर्षकहरुवाट आगामी आर्थिक वर्षमा २ करोड उठ्ने अनुमान गरेको छु ।

१०० माथि उल्लेखित विषयगत शिर्षकहरु अर्न्तगतका आयोजना र परियोजनाको विवरण र शिर्षकगत बजेट अनुसुची १ मा हुने व्यवस्था गरेको छु ।

सभाध्यक्ष महोदय,

१०१ प्रस्तुत गरिएका कार्यक्रमहरु कार्यान्वयन गर्न निम्नानुसारको वित्तिय व्यवस्था गरेको छु ।

## आम्दानी तर्फ :

| आय शिर्षक | वजेट रकम रु. |
|---|---|
| आन्तरिक आम्दानी | २०००००० |
| संघीय सरकारवाट प्राप्त वित्तिय समानीकरण | १०६८०००० |
| संघीय सरकारवाट प्राप्त सर्शत चालु अनुदान | ३९७२००००० |
| संघीय सरकारवाट प्राप्त राजश्व वांडफाँड | ७१३८३००० |
| संघीय सरकारवाट प्राप्त विशेष अनुदान | १६६००००० |
| संघीय सरकारवाट प्राप्त समपुरक अनुदान | १७२००००० |
| प्रदेश सरकारवाट प्राप्त सर्शत चालु अनुदान | ६०००००० |

| आय शिर्षक | वजेट रकम रु. |
|---|---|
| प्रदेश सरकारवाट प्राप्त वित्तिय समानीकरण | १२१११८००० |
| प्रदेश सरकारवाट प्राप्त राजश्व वांडफाँड | ५५८९००० |
| प्रदेश सरकारवाट प्राप्त समपुरक अनुदान | ४०००००० |
| संघीय सरकारवाट सामाजिक सुरक्षा वापतको रकम | १५२९५०००० |
| प्रदेश तथा स्थानीय सरकार क्षमता विकास कार्यक्रम | १५००००० |
| गरिवसंग विशेश्वर कार्यक्रम मार्फत प्राप्त अनुदान | १२००००० |
| पर्यटन विकास वोर्डवाट प्राप्त | ३०००००० |
| जिल्ला समन्वय समिति कोषवाट | ४०००००० |
| सडक वोर्डवाट प्राप्त | ३५००००० |
| अ.ल्या. | ३००००००० |
| जम्मा | ८५३०४०००० |

**उल्लेखित बिनियोजन मध्ये चालु तथा पूँजिगत खर्च तपशिल बमोजिम हुने अनुमान गरेको छु ।**

चालु एंव साधारण खर्च : ४५ करोड ९७ लाख ८० हजार

पुंजीगत एंव विकास खर्च : ३९ करोड ३२ लाख ६० हजार

कुल बजेट : ८५ करोड ३० लाख ४० हजार

## सभाध्यक्ष महोदय,

**१०२ फलेवास नगरपालिको आ.व. २०७८/०७९ को बजेट तथा कार्यक्रमको प्रभावकारी र दीगो कार्यान्वयन मार्फत नगर कार्यपालिकाको प्रमुख प्रशासकीय भवन, वडा कार्यालय भवन, फलेवास नगरपालिकामा हामीले पहिलो वर्षवाट शुरुवात गरेका भौतिक पूर्वाधारको विकासको प्रतिफल आम नागरिकले महशुस गर्ने छन ।**

**१०३ वाहिरी चक्रपथमा वार्है महिना गाडी चल्न सक्ने गरी व्यवस्थापन भएको हुनेछ । विभिन्न साझेदारसंगको सहकार्य तथा लगानी र नगरको आफ्नै लगानीले भित्री चक्रपथको सवल स्तरोन्नति भएको हुनेछ । केन्द्र चक्रपथको कालोपत्रे भै नियमित नगर वस चल्न शुरु गर्ने छन । नगरपालिका भरी सडक संजालको विस्तार भै नगरवारीहरु मुख्य वस्तीवाट ५ मिनेटको दुरीमा सडकमा पुग्ने छन ।**

१०४ निर्माणाधिन सडकहरुको स्तरोन्नतीले सुरक्षित तथा गुणस्तरीय सडकमा सवै नागरिकको पहुँच वृद्धि हुनेछ । प्रदेश राजधानी लगायत अन्य प्रदेशहरुसँग सडक संजालको विस्तारले यातायात सुविधा विस्तार, नगरको अर्थिक, सामाजिक तथा साँस्कृतिक विकासमा अमुल्य योगदान गर्नेछ । गुणस्तरीय शिक्षामा सवैको पहुँच हुनेछ । वन, पर्यटन, उद्योग, जलविद्युत, कृषि तथा पशुपालनको व्यावसायिकरण तथा औद्योगिकीकरण मार्फत नगरमा नै स्वरोजगारी तथा रोजगारीको सिर्जना गरी युवाहरुको विदेश पलायनलाई निरुत्साहित गर्दै स्वाधिन फलेवास नगर स्थापना हुनेछ ।

१०५ गुणस्तरीय शिक्षा र स्वास्थ्यमा सवैको पहुँच हुनेछ । वन, पर्यटन, उद्योग, जलविद्युत, कृषि तथा पशुपालनको व्यावसायिकरण तथा औद्योगिकीकरण मार्फत नगरमा नै स्वरोजगारी तथा रोजगारीको सिर्जना हुनेछ ,

१०६ कोभिड १९ को महामारी नियन्त्रण, रोकथाम, उपचार र आगामी आ.व.भित्र सवै नगरवासीलाई कोरोना विरुद्धको खोप व्यवस्थापन भई नागरिकहरुको जिवनयापन सहज हुनेछ ।

## *अन्त्यमा,*

१०७ प्रस्तुत वजेट तथा कार्यक्रमले नगरका सवै पक्ष, क्षेत्र र समुदायलाई समेटेको छ । सवैको साथ लिएको छ । यसको सफल कार्यान्वयनले नगरको सर्वाङ्गीण विकासमा कोशेढुङ्गा सावित हुनेछ । यथार्थ धरातलमा उभिएर बजेट तथा कार्यक्रमको निर्माण भएको छ । यसको सफल कार्यान्वयनका लागि सवै सरोकारवालाहरुको साथ, समर्थन तथा सहयोगले सुखद् परिणाम ल्याउनेछ । तसर्थ यसको प्रभावकारी कार्यान्वयनका लागि सवै नगरवासी आमावुवा, दिदीवहिनी तथा दाजुभाई र अन्य सरोकारवालाहरुसँग फलेवास नगरकार्यपालिका सकरात्मक दवाव तथा वातावरणको अपेक्षा गर्दछ ।

**फलेवास र फलेवासीको जय होस् ।          धन्यवाद ।**

मञ्जु अधिकारी
**नगर उपप्रमुख**
फलेवास नगर कार्यपालिका

दिनाङ्क : अषाढ ९ २०७८